"पाँचखाल नगर–कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Execiutive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. :- ०७९/८०
च. नं. *(Ref. No.)* :-

मिति: २०७९/१२/२४

## धान बालीको उन्नत बीउ माग गर्ने बारे सूचना!!!

प्रस्तुत विषयमा यस पाँचखाल न.पा.को चालु आ.ब. २०७९/८० को संघिय सशर्त कार्यक्रम अन्तर्गत खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम "बीउ बिजन उत्पादन, आपूर्ती तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता किसानलाई मूल्य अनुदान हुने व्यवस्था रहेकाले यस पालिकाका कृषकहरुले आफूलाई आवश्यक पर्ने तपशिलमा उल्लेखित धान बालीको जात र परिमाण खुलाई मिति २०८०/०१/०२ गतेसम्ममा यस पाँचखाल न.पा.को कृषि शाखामा वा आफू सम्बद्ध वडा कार्यालयमा आवेदन पेश गर्न हुन अनुरोध गरिन्छ।

अनुदान विवरण: बीउ बिजन आपूर्ती तथा व्यवस्थापन समितिबाट कायम गरिएको मूल्य धानको मोटो मध्यम जात ५५ प्रति केजी, मसिनो जात ६० प्रति केजी, खुमल श्रृङ्खला मसिनो र बासनादार जात प्रति केजी ९० प्रति केजीमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ),(ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५० % अनुदान ।

तपशिल

धान बालीको विवरण

| क्र.सं. | जात | बीउको प्रकृति | सिफारिस बर्ष (वि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता |
|---|---|---|---|---|---|
| १ | सावित्री | मोटो/मध्यम जात | २०३६ | १४० | ४ मे. टन प्रति हे. |
| २ | खुमल ४ | खुमल श्रृङ्खला मसिनो बासनादार | २०४४ | १४४ | ६.३ मे टन प्रति हे. |
| ३ | हर्दिनाथ २ | मोटो/मध्यम जात | २०६६ | १२५ | ३.१-४.२ मे टन प्रति हे. |
| ४ | लल्का बासमती | मसिनो | २०६६ | १५० | २.५-३.५ मे टन प्रति हे. |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने पालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२. ~~गहुँ~~ बाली लगाइने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि।
३. कृषक समूह/सहकारी/फर्मको हकमा दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, पान नं को प्रतिलिपि र कर चुक्ताको प्रतिलिपि।
४. समूह/सहकारी/फर्मको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि।

नोट: धानको बीउ माग परिमाणका आधारमा आपूर्ती गरिने भएको हुँदा अपर्याप्त माग आएका धानको बीउको जात आपूर्ती हुन नसक्ने व्यहोरा जानकारी गराउँदछौं ।

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

निवेदनको ढाँचा

मिति:     /     /

श्री कृषि तथा सहकारी शाखा/वडा कार्यालय,
पाँचखाल नगरपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

विषय: धान बालीको उन्नत बीउ माग सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०७९/१२/२४ गते प्रकाशित सूचना बमोजिम पाँचखाल न.पा. द्वारा सञ्चालित संघिय सशर्त कार्यक्रम खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत धान बालीको उन्नत बीउ माग गर्न भनि आएको हुँदा तपशिलको व्यहोरामा उल्लेखित धानको बीउ उपलब्ध गराई पाउँ भनि यो निवेदन पेश गर्दछु।

| क्र.सं. | धानको जात | परिमाण(के.जीमा) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

निवेदक

नाम/थर-

पद-

ठेगाना-

सम्पर्क नं-